म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष ११, अंक ३५१ शुक्रबार १३ साउन २०७९ ने. सं. ११४२ गुँलाथ्व 29 July, 2022 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**बाढी/पहिरोबाट सतर्क रहौं ।**

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं ।

*भु-क्षयबाट बचौ र बचाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

# हेटौंडा कपडा उद्योग सञ्चालन गर्न निजी क्षेत्रलाई दिन तयार: मन्त्री बडु

साझाकुरा संवाददाता

हेटौंडा, १२ साउन/ उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडुले दुई दशकदेखी बन्द रहेको सरकारी स्वामित्वको हेटौंडा कपडा उद्योग पुन: सञ्चालनका लागि निजी क्षेत्रलाई दिन सरकार तयार रहेको बताएका छन् ।




बिहीबार हेटौंडामा मकवानपुर उद्योग वाणीज्य संघले आयोजना गरेको अन्तर्क्रियामा बोल्दै मन्त्री बडुले हेटौंडा कपडा उद्योग सरकारले आफै सञ्चालन गर्न सक्ने अवस्थामा नरहेको भन्दै उद्योग पुन: सञ्चालनका लागि निजी क्षेत्रलाई दिन सरकार तयार रहेको बताएका हुन् । कार्यक्रममा बोल्दै उनले भने 'हेटौंडा कपडा उद्योगमा अहिलेसम्म धागो जस्ताको त्यस्तै बेरिएको अवस्थामा छ ।

सरकारले सञ्चालन गरेर हेरेको पनि हो । तर, नहुने जस्तो देखियो । त्यसैले नीजि क्षेत्रलाई उद्योग सञ्चालन गर्न सरकार तयार छ । सोही अनुसार नीति तथा कार्यक्रम पनि आइसकेको छ ।' उनले कपडा उद्योग पुन: सञ्चालनका लागि सरकारले बजेटमै उल्लेख गरिसकेको भन्दै मन्त्री बडुले सरकारीस्तरबाट भन्दा पनि निजी क्षेत्रबाट उद्योग सञ्चालनमा तीव्रता देखिने भएपछि आवश्यक योजना अघि बढाइएको दोहोर्‍याए ।

उनले उद्योगबारे प्रारम्भिक अध्ययन भइसकेपछि सरकारले मोडालिटी तयार गरेर सोहीअनुसार निजी क्षेत्रले सञ्चालन गर्ने गरी दिन तयार रहेको उल्लेख गरे । मन्त्री बडुले भने, 'निजी क्षेत्रलाई प्रोत्साहित गर्दै सरकारी सम्पत्तिको सही सदुपयोग र मुलुकमा बन्द रहेका ठूला उद्योग पुन: सञ्चालनमा टेवा पुग्ने देखिएपछि सरकार कपडा उद्योग निजी क्षेत्रलाई दिन तयार भएको हो ।' उनले उद्योगबारे प्रारम्भिक अध्ययन भइसकेपछि सरकारले मोडालिटी तयार गरेर सोहीअनुसार निजी क्षेत्रले सञ्चालन गर्ने गरी दिन तयार रहेको उल्लेख गरे ।

मन्त्री बडुले नेपाललाई श्रीलंका बन्न नदिनको लागि स्वदेशी उत्पादन बढाउनुपर्ने समेत बताए । उनले नेपालको व्यापार घाटा अत्यन्तै बढेको भन्दै श्रीलंकाको जस्तो अवस्थामा पुग्न नदिनको लागि स्वदेशी उत्पादन बढाउनुपर्ने बताए । 'मुलुकको आर्थिक अवस्था अत्यन्तै कमजोर छ । व्यापार घाटा बढेको बढ्यै छ । सामानहरु आयात धेरै भइरहेको छ, निर्यात हुन सकेको छैन । त्यसैले नेपाललाई श्रीलंकाको अवस्थामा पुग्न नदिनको लागि स्वदेशी उद्पादनलाई बढाउनुपर्छ', उनले भने । मन्त्री बडुले नेपालमा रहेको उद्योगहरु ५० प्रतिशत क्षमतामा पनि सञ्चालन हुन नसकेको भन्दै पूर्ण रुपमा सञ्चालनमा ल्याउनुपर्ने बताए ।

उनले उद्योगहरुलाई पूर्ण रुपमा सञ्चालनमा ल्याउन सरकारले गर्न सक्ने सहयोग गर्ने पनि प्रतिवद्धता जनाए । उद्योगीलाई सहज पुग्ने गरि नीति निर्माण गरेर ३० वर्षे लिज भाडा समयलाई बढाएर ५० वर्ष पुर्‍याउन सरकार तयार रहेको उनको भनाइ छ ।

मन्त्री बडुले हेटौंडा कपडा उद्योगलाई पुन:सञ्चालनमा ल्याउन सरकारले आवश्यक तयारी गरिरहेको भन्दै त्यसको लागि तयारी अवस्थामा रहन उद्योगीहरुलाई आग्रह गरे । राजनीतिक खिचातानीले गर्दा २२ वर्षअघि बन्द भएको सरकारी स्वामित्वमा रहेको हेटौंडा कपडा उद्योग सञ्चालन गर्ने विषयमा यसअघि पनि धेरै मन्त्रीहरुले अवलोकन गरिसकेका छन् । हेटौंडा आएर अवलोकन पश्चात उद्योग सञ्चालन गर्ने वचन उनीहरुले दिदै आएको भएपनि हेटौंडा कपडा उद्योग सञ्चालनमा ल्याउन भने सकेका छैनन् ।

संघीय सरकारले चालू आर्थिक वर्षको बजेटमा पनि हेटौंडा कपडा उद्योगलाई पुन:सञ्चालनमा ल्याउने घोषणा गरेको छ । तर, सरकारले हेटौंडा कपडा उद्योगलाई पुन: सञ्चालनमा ल्याउन मेसिन मात्रै होइन भवन पनि मर्मत गर्नुपर्ने अवस्था रहेको छ । चीनको सहयोगमा २०३२ सालमा निर्माण सुरु भएको उद्योग २०३५ सालबाट सञ्चालनमा आएको थियो ।

नेपाललाई कपडा उत्पादनमा पूर्ण आत्मनिर्भर बनाउने लयमा दौडिरहेको उद्योग विस्तारै राजनीतिक हस्तक्षेप बढ्दै जाँदा बन्द नै हुन पुग्यो । राजनीतिक पहुँचको आधारमा आवश्यकताभन्दा बढी कर्मचारी भर्ती गर्नु, कर्मचारीका रूपमा कार्यकर्ता भर्ती गर्नु र भर्ती भएका कार्यकर्ता काम छोडेर राजनीतिक आन्दोलनमा होमिनुले उद्योग बन्द भएको हो ।

# वाचामा कटिबद्ध बन्दै मेयर लामा: नि:शुल्क खानेपानी उपलब्ध गराइने

साझाकुरा संवाददाता

हेटौंडा, १२ साउन/ हेटौंडा उपमहानगरपालिकाकी मेयर मिनाकुमारी लामाले निर्वाचनमा नगरबासीसँग गरेको वाचा पूरा गर्ने कार्यलाई प्राथमिकता दिएकी छन् ।



निर्वाचनमा होमिएपछि लामाले नगरबासीलाई खानेपानी नि:शुल्क उपलब्ध गराउने वाचा गरेकी थिइन् । गठबन्धनबाट निर्वाचन लड्दै हेटौंडाको पहिलो महिला मेयरका रुपमा इतिहास बनाएकी नेकपा (एकीकृत समाजवादी) जिल्ला उपाध्यक्षसमेत रहेकी लामाले बिहीवार नगरबासीलाई नि:शुल्क खानेपानी उपलब्ध गराउने निर्णय गरेकी हुन् ।

उपमहानगरपालिकाले मासिक १० हजार लिटरसम्म खानेपानी नि:शुल्क उपलब्ध गराउने भएको लामाले साझाकुरालाई जानकारी दिएकी छन् । मासिक न्यूनतम शुल्क ८५ रुपैयाँ बराबरको १० हजार लिटरसम्म खानेपानी नि:शुल्क उपलब्ध गराउने निर्णय भएको मेयर लामाले जानकारी दिइन् ।

उपमहानगर र खानेपानी व्यवस्थापन बोर्ड पदाधिकारीको बैठकले खानेपानी नि:शुल्क उपलब्ध गराउने निर्णय गरेको हो । उक्त निर्णय खानेपानी व्यवस्थापन बोर्डअन्तर्गत जडान भएका धाराहरुमा मात्र लागू हुनेछ । जसअनुसार २३ हजार ५ सय धाराको हकमा लागू हुने मेयर लामाले बताइन् ।

लामाले बोर्ड पदाधिकारीसँग यसअघि खानेपानी नि:शुल्क गर्ने सम्बन्धमा पटक-पटक छलफल गरेकी थिइन् । बिहीवारको बैठकमा बोर्ड पदाधिकारीसहित मेयर लामा, उपमेयर राजेश बानियाँ, उपमहानगरका प्रवक्ता सविन न्यौपाने र अधिकांश वडाका वडाध्यक्षसहित उपस्थिति थिए ।

उपमहानगरको नि:शुल्क खानेपानी उपलब्ध गराउने निर्णयबाट १ लाख ४५ हजार जनसंख्या प्रत्यक्ष लाभान्वित हुने जनाइएको छ । नि:शुल्क खानेपानी उपलब्ध गराएबापत् उपमहानगरले खानेपानी बोर्डलाई वार्षिक २ करोड ३९ लाख ७० हजार रुपैयाँ उपलब्ध गराउने भएको छ ।

हाल उपभोक्ता समितिमार्फत खानेपानी उपभोग गर्दै आएका नगरबासीले भने उपमहानगरको सुविधा पाउने छैनन् ।


कार्यालयका अनुसार उपभोक्ता समितिमार्फत खानेपानी प्रयोग गरिएको हकमा निकट भविष्यमा विशेष निर्णय गरिने मेयर लामाले जनाउकी छन् ।

**ADMISSION OPEN**

**10+2**

**SCIENCE**
**HOTEL MANAGEMENT**
**MANAGEMENT**

(Both for the Morning & the Afternoon Session)



Foundation Classes for Medical and Engineering

New attraction for Science students

HETAUDA SCHOOL OF MANAGEMENT
"कडा अनुशासन, स्तरीय शिक्षा"

Contact:
057-524701,
057-524711

Hetauda-4, Makawanpur
info@hsm.edu.np
@hsm.edu.np

www.hsm.edu.np

# ५६ जनाले दिए रगत

साझाकुरा संवाददाता

हेटौंडा, १२ साउन/ बस्तिपुर जेसीज हाँडिखोलाले आयोजना गरेको रक्तदान कार्यक्रममा सहभागी ५६ जनाले रगत दिएका छन् ।

बिहीवार ५६ औं रक्तसंचार दिवसको अवसरमा आयोजित कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी रक्तसंचार केन्द्रको प्राविधिक सहयोग, रेडक्रस सोसाइटी बसामाडी उपशाखा र तपोवन युथ क्लबको संयोजन रहेको थियो ।

बागमती प्रदेश सरकारका भौतिक पुर्वाधार विकास राज्यमन्त्री सन्तबहादुर प्रजाको प्रमुख आतिथ्यता तथा बस्तिपुर जेसीजका अध्यक्ष तेज प्रसाद उप्रेती (रमेश)को सभाध्यक्षतामा कार्यक्रम भएको हो । राज्य मन्त्री प्रजाले बसामाडी जेसीजलाई विकट ठाउँहरुमा पनि सामाजिक कार्य गर्न आग्रह गरेका छन् ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी मकवानपुर शाखाका मन्त्री खेमराज सापकोटा, बस्तिपुर जेसीजका निवर्तमान अध्यक्ष तथा पदाधिकारीहरुको उपस्थिति थियो । गोकुल उप्रेतीको संयोजनमा रक्तदान कार्यक्रम भएको थियो ।

# ३ जनामा कोरोना पुष्टि

साझाकुरा संवाददाता

हेटौंडा, १२ साउन/ मकवानपुरको ३ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ ।

बिहीबार १६ जनाको पिसीआर विधिबाट र ११ जनाको एन्टीजेन विधिबाट परीक्षण गर्दा ३ जनामा कोरोना भाइरस संक्रमण पुष्टि भएको हो ।

स्वास्थ्य कार्यालय मकवानपुरको अनुसार बिहीबार ७ जनाले कोरोनालाई जितेका छन् । हाल मकवानपुरमा २१ जना सक्रिय संक्रमित रहेका छन् । जसमध्ये १९ जना होम आईसोलेसनमा र २ जना संस्थागत आईसोलेसनमा रहेको कार्यालय जनाकारी दिएको छ ।

# बाल मन्दिरलाई बसामाडी जेसीजको सहयोग

साझाकुरा संवाददाता

हेटौंडा, १२ साउन/ बसामाडी जेसीजले जेसीज सप्ताहको साप्ताहिक कार्यक्रमको पाचौं दिन बाल मन्दिरलाई खेलकुद तथा शैक्षिक सामाग्री सहयोग गरेको छ ।



बसामाडी जेसिजले सप्ताहव्यापी कार्यक्रमको पाचौं दिन बिहीबार भीमफेदी गाउँपालिकाको बाल मन्दिरलाइ खेलकुद तथा शैक्षिक सामाग्री सहयोग गरेको हो ।

कार्यक्रममा बसामाडी जेसीजका अध्यक्ष चिराग अग्रवालको अध्यक्षता तथा बसामाडी जेसीज २०२२ का सल्लाहकार एंव कांग्रेस युवा नेता सुनील दाहालको प्रमुख अतिथ्यता रहेको थियो । जेसीजले बाल मन्दिरका व्यवस्थापक अशोक सारु मगरलाई खेलकुद तथा शैक्षिक सामाग्री हस्तान्तरण गरेका थियो । कार्यक्रममा २०१९ का अध्यक्ष सरोज अधिकारी, नेपाल भारत मैत्री संघका केन्द्रीय कोषाध्यक्ष प्रविण मैनाली, बसामाडी जेसीजका पदाधिकारी एंव सदस्यहरुको उपस्थिती रहेको थियो । आइतबारबाट सुरु भएको जेसीज सप्ताह कार्यक्रममा बुधबार आशा फाउन्डेसनलाई खाद्यान्न तथा शैक्षिक सामाग्री वितरण गरिएको थियो । कार्यक्रमको छैठौं दिन आज शुक्रबार महेन्द्र किरण मावि बसामाडीमा लागू औषध दुर्व्यसन विरुद्धको सचेतना कार्यक्रम तथा होर्डिङ बोर्ड स्थापना गरिने कार्यक्रम संयोजक अनिल बस्यालले जानकारी दिए ।

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

**सेवाहरू:**

- कार वास भित्र/बाहिर
- वाइरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# रक्तदान-जीवनदान, महादान अभियानमा लागौं

रगतबिनाको जीवनको कल्पना पनि गर्न सकिँदैन । स्व-इच्छाले रगत दान गर्नुलाई नै रक्तदान भनिन्छ । आकस्मिक कारणले अकालमा ज्यान जान लागेको मानिसलाई बचाउने विकल्प रक्तदान नै हो । नेपालमा २००० सालदेखि रक्तदान कार्यको सुरुवात भएको इतिहास छ । समाजेवी दयावीरसिंह कंसाकार नेपालका पहिलो रक्तदाता हुन् । नेपालमा बर्सेनि करिब तीनलाख युनिट रगत चाहिन्छ तर, जहिल्यै अभावका समाचार आइरहेका हुन्छन् । बाढी, पहिरो र भूकम्पको समस्या तथा अनिच्छित गर्भधारण, गर्भपतन र सिजेरियन अप्रेसन पनि पहिलेको तुलनामा बढेकाले रगतको माग आकाशिएको पाइन्छ । विज्ञानले धेरै प्रगति गरेता पनि कृत्रिम तरिकाले रगत बनाउने सूत्र फेला पारेका छैनन् । ब्लड बैंकहरुले पनि आवश्यक मात्रामा सेवाग्राहीलाई रगत उपलब्ध गराउन सकिरहेका छैनन् । योग्य व्यक्तिहरुले पनि रक्तदान नगर्ने प्रवृतिले गर्दा देशमा रगतको चरम संकट परेको छ । रगतले शरीरभित्र पोषण, लवण, हर्मोन, भिटामिन, अक्सिजन, रोगसँग लड्ने एन्टिबडीसँगै कार्वनडाइअक्साइड, युरियाजस्ता विकार ओसार-पोसार गर्छ । रगतको रातो रक्तकणले अक्सिजन तथा कार्वनडाइअक्साइड यताउति गर्न, श्वेत रक्तकणले रोगसँग लड्न र प्लेटलेट्सले रगत जमाउने काम गर्छ ।

'रक्तदान जीवनदान, रक्तदान महादान' यी स्लोगन हामीले बारम्बार सुन्ने गरेका छौं । रक्तदानका लागि प्रेरित गर्न यी वाक्यांशले धेरै भूमिका पनि खेलेका होलान् । तर, रक्तदान गर्नु अघि केही कुरामा ध्यान पुऱ्याउनुपर्छ । स्वस्थ शरीर, मानसिक सन्तुलन ठीक, कम्तिमा १८ वर्ष पूरा भई ६० वर्ष ननाघेको र कम्तिमा ४५ केजी तौल भएको, मलेरिया, क्षयरोग, जन्डिस, मधुमेय तथा एचआईभी एड्स नलागेका व्यक्ति रक्तदान गर्न सक्षम हुन्छन् । गर्भवती र महिनावारीको समयमा र सुत्केरी भएको छ महिनाभन्दा अगाडि रक्तदान गर्नु हुँदैन । अधिक रक्तश्रावका बिरामी, प्रसुति, मुटु-मस्तिष्कलगायतको शल्यक्रिया र दुर्घटनामा परेकालाई बचाउन रगत अनिवार्य हुन्छ ।

थालासेमिया, ल्यूकेमियालगायतको रक्त क्यान्सर, हेमोफिलिया लगायतको रक्त क्यान्सर, हेमोफिलिया र रक्त अल्पताजस्ता समस्यामा तारन्तार रगत चाहिरहन्छ । यस्तोमा हामो एक सहयोगले यस्ता कयौं मानिसको अमूल्य जीवन बच्छ । कतिपयले रक्तदान गर्दा कमजोर भइन्छ भन्ने ठान्छन् तर, वास्तविकता के हो भने पुरुषको शरीरलाई प्रतिकेजी ७६ एमएल र महिलाको शीररमा प्रतिकेजी ६६ एमएल रगत हुन्छ । तर, शरीर सञ्चालनका लागि चाहिने आवश्यक रगत ५० एमएल मात्रै हो । त्यसकारण पुरुष र महिलाको शरीरमा प्रतिकेजी क्रमश २६ र १६ एमएलका दरले रगत बढी हुन्छ । यही बढी भएको रगतमात्रै दान गर्ने हो । शरीरमा बढी भएको रगत दान गर्दा आफूलाई हानि नगर्ने र अर्कोको ज्यान बचाउन सकिने हुँदा यो अभियानमा सबैजना लाग्नु पर्दछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०७९ साउन १४ गते शनिबार ३० जुलाई २०२२ । श्रावण शुक्लपक्ष द्वितीया । गुँलाथ्व ११४२ । सूर्योदय: ५:२६, सूर्यास्त: ६:५३ मा हुनेछ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : रोकिएका काम बन्ने योग छ | तुला | : नयाँ ज्ञान सिक्ने अवसर मिल्नेछ |
| वृष | : लगानीको अवसर जुट्नेछ | वृश्चिक | : व्यावसायिक यात्राको सम्भावना छ |
| मिथुन | : यात्रा अघि बढ्न सक्नेछ | धनु | : विशिष्ट व्यक्तिसँग भेटघाट हुनेछ |
| कर्कट | : वैदेशिक क्षेत्रबाट लाभ पाइनेछ | मकर | : स्वादिष्ट भोजनको आनन्द मिल्नेछ |
| सिंह | : छिमेकमा असमझदारी बढ्नेछ | कुम्भ | : बिग्रिएको सम्बन्ध सुधार्ने मौका छ |
| कन्या | : प्रतिस्पर्धाबाट फाइदा मिल्नेछ | मीन | : महत्वाकांक्षी योजना फलीभूत हुनेछ |

# नागरिकता बिधेयक र मुलकको भू-संवेदनशिलता



हामीले बुझ्नु जरुरी छ- समानताको कुरा निरपेक्ष हुन्छ । नागरिकतामा समानताको कुरा गर्नु भनेको बास माग्न आउने बटुवालाई घरको साँचो-ताल्चा सुम्पनु सरह हो ।

बिशभ अधिकारी, सागर बराल

व्यक्ति र राज्यको कानुनी सम्बन्ध देखाउने दस्ताबेज नागरिकता हो । नागरिकता यस्तो संवेदनशील दस्ताबेज हो, जसले व्यक्ति राज्यका हरेक निकायमा पहुँच राख्न सक्ने हुन्छ । अहिले नेपाली राजनीतिमा विवादको विषय हो, फितलो नागरिकता व्यवस्था कि राष्ट्रिय स्वार्थ । नेपालको संविधान २०७२ को भाग २ अनुसार नेपाली नागरिकता वंशज, अंगीकृत र आवासीय गरी तीन प्रकारले पाउन सकिने व्यवस्था छ ।

सरकारले नागरिकता ऐन-२०६३ लाई संशोधन गर्न बनेको विधेयक झण्डै चार वर्षदेखि संसदमा विचाराधीन नागरिक विधेयकलाई फिर्ता लिएकै दिन संशोधन विधेयक दर्ता गरेको हो । यो संशोधनले नयाँ संविधान बन्नु अघि जन्मसिद्ध नागरिकता प्राप्त गरेका नागरिकको सन्तानलाई वंशजको आधारमा नागरिकता दिने बाटो खोल्नेछ । यस्तै नेपाली आमाबाट नेपालमै जन्म भई नेपालमा बसोबास गरेको र बाबुको पहिचान नभएका व्यक्तिले पनि वंशजको आधारमा नागरिकता पाउने व्यवस्था गरिएको छ ।

नेपालमा फेला परेर तर, बाबु र आमाको ठेगान नभएका नाबालकलाई पनि वंशजको आधारमा नागरिकता लिन सक्नेछन् । यस्तै गैरआवासीय नेपाली नागरिकतालाई पनि आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार प्रयोग गर्न पाउने गरी गैरआवासीय नेपाली नागरिकता लिने बाटो पनि यो विधेयकले खोलेको छ ।

नेपाल र भारतले तत्कालीन सन् १९५० को मैत्री तथा शान्तिपूर्ण सन्धिमार्फत खुला सिमाना राख्ने निर्णय भयो । तत्कालीन राणाशासकले भारतीय संस्थापनसँग आफ्नो सत्ता टिकाउन गरेको यो सन्धि पूर्णरूपमा भारतीय स्वार्थलाई अगाडि बढाउने काम गरेको छ । त्यसैगरी सात सालमा राणा शासनविरुद्धको क्रान्तिमा भारतीय भूमिका भएकाले भारतीय इच्छाअनुसार नै असमान नेपाल भारत मैत्री सन्धि खारेज नगरी दुवै मुलुकका जनतालाई एक अर्का देशमा समान अधिकार प्रदान गर्ने व्यवस्थालाई निरन्तरता दिइयो ।

तसर्थ नागरिकता सम्बन्धी समस्या कालान्तरमा आएर राष्ट्रिय समस्या नै बन्ने अवस्थामा पुग्यो । नेपालमा भारतीय भूमिका रहेको हरेक क्रान्तिपछि नागरिकताको समस्यालाई आगो थप्ने गरेको कामबाटसमेत यसको प्रस्ट्याइँ हुन्छ । उदाहरणको लागि ०६२/६३ को जनआन्दोलनपश्चात् नागरिकता समस्याले तराईमा उग्र रूप लियो । त्यसकारण जन्मको आधारमा तीन जनाको सिफारिसको आधारमासमेत नागरिकता दिइयो ।

नागरिकता सम्बन्धी कानुन बनेपनि नेपालबाट भारत र भारतबाट नेपाल आउने व्यक्तिहरूको आवतजावतको परिचयको रेकर्ड राख्ने व्यवस्था अपनाउन नसक्नुका कारण नागरिकता सम्बन्धी कानुन त्यति प्रभावकारी हुन सकेन । यस व्यवस्थाले नेपालमा बस्ने भारतीयहरूलाई विदेशी हैसियत कायम हुन्थ्यो र कालान्तरमा उनीहरू आफ्नै देशमा फर्कन्थे । यसरी त्यसबेलाको नेपाली संस्थापन र शासकले दूरगामी सोच राखेको भए नेपालमा अंगीकृत र वंशजको नागरिकता छुट्याउनुपर्ने आवश्यकता नै पर्दैनथ्यो ।

नागरिकता कानुन नेपालीको लागि हो । कसैलाई नागरिकता दिने वा नदिने भन्ने सार्वभौमसत्ता सम्पन्न भएको राष्ट्रको हैसियतले आफैंले गर्ने निर्णय हो । यस्तो कुरामा समानताको सिद्धान्त ल्याउनु भनेको राष्ट्रिय अस्तित्वमाथि नै गम्भीर प्रहार हो । हामीले बुझ्नु जरुरी छ- समानताको कुरा निरपेक्ष हुन्छ । नागरिकतामा समानताको कुरा गर्नु भनेको बास माग्न आउने बटुवालाई घरको साँचो-ताल्चा सुम्पनु सरह हो ।

समानताको सिद्धान्त विश्वभरि लागू भएको सिद्धान्त हो । समानताको लागि विश्वभरि ठूलाठूला उथलपुथल र क्रान्ति भएका छन् । मननयोग्य कुरा के छ भने समानताको सिद्धान्त गलत ठाउँमा पनि प्रयोग गर्न मिल्छ । अंगीकृत नागरिकता भनेको विदेशीलाई दिने नागरिकता हो । विदेशीले नेपाली कानुनबमोजिम प्रक्रिया पुऱ्याएपछि पाउने नागरिकतामा कसरी समानताको सिद्धान्त लागू गर्न सकिन्छ । नागरिकतामा समानता भनेको नेपाली नेपालीबीच हुने हो कुनै नेपाली र नवागन्तुकबीच हुने कुरा होइन ।

खासगरी नेपालमा नागरिकताको विवाद भारतसँग नै बढी जोडिन्छ । खुला सिमाना र दुवै देशका नागरिकको आवतजावतको रेकर्ड राख्ने कुनै प्रक्रिया नहुनाले नागरिकता सम्बन्धी समस्याले झन् उग्ररूप लिएको छ । भारतीयहरू नेपालमा आएर व्यापार गर्ने र कालान्तरमा यहाँकै नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरी बस्ने प्रचलन रहेको छ । वैवाहिक सम्बन्धका आधारमा नेपालको कानुनले अंगीकृत नागरिकता दिने व्यवस्था गरेको छ ।

हामीले बुझ्नु जरुरी छ-भारत जस्तो ठूलो देशको १५ जनसंख्याले पनि नेपाली नागरिकता हासिल गर्नु भनेको नेपालको सम्पूर्ण आर्थिक, राजनीतिक र सामाजिक क्षेत्रमा पूर्णरूपले भारत पहुँचमा आउनु हो । त्यस्तो अवस्थामा बिदेशी नागरिकलाई आउने बित्तिकै नागरिकता दिनु भनेको भनेको राष्ट्रलाई फासीको सुलीमा उभ्याउनु हो । भारतको साम्राज्यवादी र विस्तारवादी नीतिलाई प्रश्रय दिने काम सत्ता पक्षले ल्याएको संशोधनको प्रस्तावले गरेको छ ।

रोटीबेटीको सम्बन्ध जसलाई विशेष मानिन्छ, के त्यो राष्ट्रिय स्वार्थ भन्दा ठूलो हुन्छ ? भारत र अमेरिका जस्ता शक्तिशाली देशहरूले समेत आफ्नो देशभित्र नजन्मेका व्यक्तिलाई हेर्ने दृष्टिकोण पृथक हुन्छ । भारतको अहिलेको संस्थापनले सोनिया गान्धीलाई बिदेशी नागरिक भएकै कारणले सडक र सदनमा चर्को विरोध गरेर प्रधानमन्त्री हुन रोकेको तथ्य जाहेरै छ । भारत जस्तो शक्तिशाली देशले समेत आफ्नो देशभित्र नजन्मेको व्यक्तिलाई सहजै नागरिकता दिन नसक्ने कुरा गर्छन् भने नेपालले त्यस्तो फितलो व्यवस्थान आगन्तुकको लागि खुला राख्नुपर्छ भन्ने तर्क कसरी उचित हुन्छ ?

अंग्रेजीमा एउटा भनाइ छ, 'इतिहास महान् शिक्षा हो ।' नेपालको इतिहास हेर्ने हो भने नेपाल पहिलेदेखि नै शरणार्थीको लागि सुरक्षित ठाउँको रूपमा स्थापित छ । कालान्तरमा ती शरणार्थीले नेपालको सत्ता कायापलटनै गरेको इतिहास हामीसँग छ । नेपाल जस्तो 'बफरस्टेट' जसको भूराजनीति संवेदनशील छ, विदेशीहरू यहाँका हरेक गतिविधि र क्रियाकलापलाई सूक्ष्मरूपले अध्ययन गरिरहेका हुन्छन्, यस्तो राष्ट्र मानव आगन्तुकलाई कसरी अन्य नागरिक जत्तिकै अधिकार दिन सकिन्छ । वैवाहिक आधारमा विना कुनै सर्त नागरिकता बाँड्ने र पूर्णरूपमा राजनीतिक अधिकार दिनाले नेपालमा क्षेत्रीय असन्तुलन समेत ल्याउने खतरा त्यतिकै रूपले रहन्छ ।

नेपालको संविधानको पहिलो संशोधनमा निर्वाचन क्षेत्र निर्धारण गर्दा जनसंख्यालाई पहिलो प्राथमिकता दिने भन्ने उल्लेख गरियो । यसले गर्दा हिमाली र पहाडी भेगबाट राज्यमा प्रतिनिधित्व घटी राज्य नवागन्तुकको नियन्त्रणमा जान्छ । हाम्रो देशमा आर्थिक अप्रवासी गएकाहरूको ठाउँ भारतीयले ओगट्ने छन् । हाम्रो शास्त्र भन्छ-भूमिपुत्रमात्र राष्ट्रप्रति बफादार हुन्छ ।

भुटानी शरणार्थी र तिब्बती शरणार्थीको समस्या, चरम विदेशी राजनीतिक हस्तक्षेप, रणनीतिक रूपमा महत्त्वपूर्ण राज्य नेपाल, अमेरिका र अस्ट्रेलिया जस्तो अप्रवासीले बनेको होइन । नेपाली पुरुषसँग विवाह गरी नागरिकता पाएका भारतीय चेली विभिन्न पार्टीबाट संविधानसभा सदस्य भएका मात्र छैनन्, मन्त्रीसमेत भएका छन् । अंगीकृत नागरिकताधारी राज्यलक्ष्मी गोल्छाले पैसाको भरमा समानुपातिक तर्फबाट सांसद भएको त धेरैलाई थाहै होला । यो अवस्थामा भोलि पैसाको भरमा राज्य वा राष्ट्रको प्रमुख कार्यकारी पदको हीन वआगन्तुक नागरिकले पायो भने के उसले राष्ट्रिय स्वार्थ अनुकूलको कार्य गर्छ त ? कुनै पनि राष्ट्र आफ्नो वस्तुगत आवश्यकताअनुसार नागरिकता सम्बन्धी नीति तयार पार्न सक्छ ।

सन् १८८१ मा फिजीमा ५८८ को संख्यामा रहेका भारतीयहरूको जनसंख्या सन् १९९६ सम्म आइपुग्दा तीन लाख ३९ हजार पुग्यो र नक्कली नागरिकताको आडमा भारतीय नागरिक महेन्द्र चौधरीले प्रधानमन्त्रीमा विजय हासिल गर्न सफल भए भने संसद्मा ७१ सिट मध्ये ३७ सिट भारतीय नागरीकहरूको हातमा गयो ।

नागरिकता सम्बन्धी फितलो व्यवस्था गरेर कतै सिक्किमीकरणको ल्यान्डुप दोर्जे त पैदा गर्दैछैनौं हामी ? २५ सेप्टेम्बर २०१५ मा जापानबाट प्रकाशित एक अन्तर्राष्ट्रिय पत्रिकामा एक जना भारतीय सुरक्षाविद्को लेखमा भारतले नेपालमा तराईको शासन स्थापित गर्नुपर्ने, पछि तराईलाई भारतमा गाभ्नुपर्ने र कसैको विरोध भए रूसले क्रिमियामा गरेजस्तो जनमत संग्रह गरी तराईलाई आफ्नोतिर ल्याउनुपर्ने उल्लेख छ ।

भारतले बुझेको छ- नेपालमा बस्दै आएका मधेसी दाजुभाईद्वारा यो सम्भव छैन किनकि वर्षौंदेखि नेपाली सिमानाको रक्षा उनीहरूले नै गर्दै आइरहेका छन्न् नेपाल राष्ट्रको कसैलाई माया छ त उनीहरूमा बढी छ । तसर्थ भारत सरल नागरिकताको व्यवस्थामार्फत यो उद्देश्य प्राप्तिका लागि होमिएको देखिन्छ । त्यसकारण यो माग मधेसको होइन, मधेसी जनताको होइन, केही वर्ष यता नेपालमा बसोवास गर्दै आएका भारतीयहरुको मात्र हो किनकि मधेसीमूलका रामवरणयादवलाई नेपाल राष्ट्र र नेपाली जनताले आफ्नो राष्ट्रपति स्विकारिसकेका छन् ।

भारतीय संस्थापनले नेपालमा २००७ यता सुरु गरेको हस्तक्षेपको एउटा मूलभूत उद्देश्य भनेको नेपाललाई सकिए सिक्किमीकरण र अन्तिम उपायको रूपमा फिजीकरण वा भुटानीकरण गर्ने हो भनेर भारतीय गुप्तचर संस्था 'रअ' का पूर्वअधिकारीले आफ्नो आत्मवृत्तान्तमा इन्दिरा गान्धीले आदेश दिएको कुरा राखेको पाइन्छ । तसर्थ भारत नेपालमा भारतीय नवआगन्तुक नागरिकको शासन स्थापित गर्ने दाउमा छ र साम, दाम, दण्ड, भेदको प्रयोग कुनै न कुनै माध्यमबाट गर्दैछ ।

एउटा राष्ट्र तब समृद्धशाली बन्छ जब ऊ बाहिरी हस्तक्षेपबाट मुक्त हुन सक्छ । चारहजार वर्षभन्दा पुरानो इतिहास बोक्ने थोरै राष्ट्रमध्ये एक हो नेपाल । समयसमयमा यस राष्ट्रमाथि हुँदै आएको प्रहारमध्ये एउटा प्रहार हो नागरिकता बिधेयक ।

सबैले बुझ्नुपर्ने केहो भने हामी मधेसी, पहाडी हुनु पूर्व नेपाली हौँ । हाम्रो अस्तित्व तब रहन्छ जब नेपाल राष्ट्र रहन्छ, नेपाल नै रहेन त हाम्रो अस्तित्व पनि रहँदैन । तसर्थ देशको हितविपरीत नागरिकता प्रदान गर्ने कुरा विल्कुल राष्ट्रघाती सावित हुनेछ । देशको अस्तित्वमाथि यस्तो प्रहार सधैँ आइरहन्छ, यसबाट बच्न हामी सक्नुपर्छ, सिक्नुपर्छ र आफ्ना प्रतिनिधिलाई सधैँ घचघच्याइ राख्नुपर्छ ।

# 'समाजवादी केन्द्र' बनाउने कोसिस



कुलचन्द्र वाग्ले

नेपालका कम्युनिस्ट पार्टीहरूको एकता, ध्रुवीकरण र विभाजनको लामो शृंखला छ । विसं २००६ सालमा स्थापना गरिएको नेपाल कम्युनिस्ट पार्टीका संस्थापक पुष्पलालको समयदेखि नै आरम्भ यस्तो शृंखला अझै जारी छ । कम्युनिस्टहरूको जुट र फुटको कारण भने अन्तर्राष्ट्रिय, राष्ट्रिय प्रभाव र नेतृत्वमा आफैं रहने महत्त्वाकांक्षा हुन् । तिनीहरूबीच आफूमात्रै सच्चा कम्युनिस्ट बाँकी अन्य घटक संशोधनवादी, जडसूत्रवादी वा पोथापन्थी आरोपित गर्ने प्रचलन रह्यो ।

मूलधारको कम्युनिस्ट राजनीतिभन्दा बाहिर बसेका कम्युनिस्टहरूले प्रजातान्त्रिक अभ्याससमेत गर्न खोज्नेहरूलाई लगाउने आरोप अहिले पनि करिब त्यस्तै छ । यस्तै धारणाका वशीभूत कम्युनिस्टहरू 'जनवाद'को प्रलोभनमा सडकमै छन् । कोही सडकबाट उठेर सरकार र सत्तामा छन्, कोही अहिले पनि सडकमै छन् । सत्तामा नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र राष्ट्रिय जनमोर्चा छन् ।

सरकार बाहिर बसे पनि भक्तपुरको नेपाल मजदुर किसान पार्टी पनि अहिलेको संसदीय अभ्यासमा नै छ । यी सबै पार्टी कम्युनिस्ट विचारले प्रशिक्षित हुन् । भित्र पसेका र बाहिर बसेका कम्युनिस्टहरूको विभाजनमा मुख्यत: अन्तर्राष्ट्रिय कम्युनिस्ट ध्रुवीकरणको प्रभाव बताइन्थ्यो । अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलन विगतमा रुसी (तत्कालीन सोभियत संघ) र चिनियाँ खेमामा विभक्त रह्यो । त्यस्तै भारतको नक्सलवादी आन्दोलन र प्रजातान्त्रिक अभ्यासमा रहेका भारतकै कम्युनिस्ट धारको छनोटमा पनि यहाँका कम्युनिस्ट पार्टी विभक्त भए ।

नब्बेको दशकतिर सोभियत संघको पतन र उसले नेतृत्व लिएको खासगरी पूर्वी युरोपेली कम्युनिस्ट गठजोड भताभुङ्ग भए, प्राय: विलुप्त भए । रुसले कम्युनिस्ट ध्रुवीकरणको मोह परित्याग गर्‍यो । यसको प्रभाव नेपालमा पनि पर्‍यो । सोभियत धारको इतिहासमात्र रह्यो । तत्कालीन राजतन्त्रलाई हेर्ने दृष्टिकोणमा पनि यहाँका कम्युनिस्ट विभक्त थिए । देशको नाममा विभक्त यहाँका कम्युनिस्टहरू नेतृत्वको नाममा समेत विभाजित भए । कम्युनिस्ट विचारकमा सर्वाधिक उच्च मानिने कार्ल मार्क्स सबैले भने तर लेनिन, स्टालिन र माओत्सेतुङ (माओ) आदिको नाममा कसैले मार्क्सवाद, लेनिनवाद(माले) भने । कसैले माओवाद आदि रोजे । आफ्ना घर र कार्यालयमा यिनैका फोटा टाँगे । नेपालका कम्युनिस्ट नेताहरूको तस्बिरसमेत यिनले धेरैपछि झुन्ड्याउन थालेका हुन् । कारण स्थापित कम्युनिस्ट नेतालाई एकले अर्कोलाई अस्वीकृत गर्ने संकीर्णता कायम रह्यो ।

स्थिति अहिले ठ्याक्कै त्यस्तो चाहिँ छैन । जडसूत्रीय परम्परालाई पछाडि छोडेर मूलधार कम्युनिस्टहरू केही खुकुलो अभ्यासतिर लाग्न खोजेका छन् । यद्यपि माले, एमाले, माओवादी आदि पहिचान मोह भने त्याग्न नसकेको यथार्थ अद्यापि छ । अहिले पनि दर्जनभन्दा बढी कम्युनिस्ट घटकहरू यो वा त्यो उद्देश्य र नामको दाबबी लिएर क्रियाशील छन् । विभाजनको यस्तो पृष्ठभूमिमा यतिबेला साना, ठूला कम्युनिस्ट घटक समाजवादी केन्द्र बनाउने कसरतमा छन् ।

खासगरी माओवादी केन्द्र, एकीकृत समाजवादी, प्रस्तावित नेपाल समाजवादी पार्टी (नेसपा) कम्युनिस्ट एकता राष्ट्रिय अभियान यस्तो प्रयत्नमा लागेको देखिन्छ । जनता समाजवादी पार्टीबाट विभाजित भई डा.बाबुराम भट्टराईले प्रस्ताव गरेको दल नेसपा हो । कम्युनिस्ट माओवादी त्यागेर नयाँशक्ति र पछि जसपा हुँदै हाल नेसपा बनाउन खोजेका डा.भट्टराई पहिले जे भए पनि पछि उनको पहिचान कम्युनिस्ट र थप माओवादी नै बनेको थियो । कम्युनिस्ट एकता अभियानी वामदेव गौतम हुन् । अहिले त्यस्तो पहिचान डा.भट्टराईले सदाको लागि बिर्सिन, बिर्साउन चाहेको देखिन्छ । यस कारण कम्युनिस्ट वा माओवादी शब्द जोडेर जुराइने कुनै पनि नाममा उनको एकता सहज लाग्दैन । सहकार्यकै सबालले पनि चिहान बनाउन खोजेको पुरानो पहिचान उधिनिने भय डा.भट्टराईलाई हुनसक्छ । कम्युनिस्ट र माओवादी शब्दनाम नभएको 'समाजवादी केन्द्र' सबैभन्दा सहज स्वीकार्य डा.साहेबलाई हुनसक्छ ।

तर 'मरता क्या नहीँ करता ?' भनेजस्तै डा.भट्टराई कुनै पनि वैकल्पिक नाम वा 'नेकपा समाजवादी केन्द्र (सके)' स्वीकार्न बाध्य वैचारिक तर्क दिन पनि सक्षम छन् । लाग्छ, माओवादी केन्द्र (माके)का अध्यक्ष पुष्पकमल दाहाललाई पनि (माके) हटाउने बाध्यात्मक रहर छ । त्यो रहरको पूर्ति 'सके' ले गर्नेछ । कारण स्वयं माओवादी केन्द्रभूमि चीनमा माओवाद हराएर सीजिन फिङवाद स्थापित गरिँदै जो छ ।

अर्कोतर्फ आफ्नै प्रश्रयमा संरक्षित माओवादी जत्था सञ्चालित हिंसाको अपजसको औँला माओवादी केन्द्रभूमितिरै सोझ्याउन मिल्थ्यो । शान्तिपथ र प्रजातान्त्रिक अभ्यासमा आइरहेको माओवादीलाई मिल्ने जस माओवादी केन्द्रभूमि (चीन)तर्फ नामकै कारण सोझिनु प्रश्रयदातालाई अमान्य हुने नै भयो । सायद् 'समाजवादी केन्द्र' यस्तै इच्छाहरूबीचको सम्मिलन उब्जनी हो ।

प्रतिस्पर्धि कम्युनिस्टहरूबीच चुनावको मुखमा एकता, गठजोड र सहकार्यको कामकुरो नौलो होइन । विगतमा पनि यस्तै भएको हो । यसको सबैभन्दा ठूलो मूर्तरूप सत्ता साझेदार नेपाली कांग्रेसलाई विश्वासघात गरेर एमालेमा घुस्न गएको नेकपा (माके) सम्मिलित 'नेकपा' थियो । नेकपा निर्माणमा छिमेकी चीनको सहकार्य थियो भनिन्छ । विभाजनमा कारण भारतलगायत पश्चिमालाई देखाइन्छ तर मूल कारण यिनीहरूको आन्तरिक समस्या नै हो । त्यही समस्यामा बाह्य खेलले बाटो पाएको हुनसक्छ ।

संघीय र प्रादेशिक चुनाव आउँदै छ । चिनियाँ (सीसीपी) विदेश विभाग प्रमुख लिउ चियान पनि आए । सुषुप्त कम्युनिस्ट एकता पुन: चर्चामा आयो । प्रमुख लिउले स्पष्ट शब्दमा भने नेपालका राजनीतिक दलको आन्तरिक विषयमा चीनको पक्ष छैन, निष्पक्ष छ । उनले नेपाली कांग्रेससँगको सम्बन्धलाई थप प्रगाढ बनाउने सन्देश पनि दिए । यसका अतिरिक्त पनि नेपालका विश्लेषकहरू चिनियाँ विदेश विभाग प्रमुख लिउले यहाँका मूलाधार कम्युनिस्ट नेता प्राय: सबैसँग गरेको भेटवार्तामा कतै न कतै एकताको भित्रि सन्देश पक्कै हुँदो हो भन्ने विश्वास व्यक्त गर्छन् । फलत: कम्युनिस्ट एकताको चर्चा पुन: बिउझिएको हो ।

चिनियाँ नेता लिउको भ्रमणको तीन दिनपछि नै खुब उत्साहका साथ गठबन्धन दलका प्रमुख नेतामध्ये एक पुष्पकमल दाहाल भारत भ्रमणमा निस्किए । भारतमा सत्तारुढ भारतीय जनता पार्टीका अध्यक्ष जेपी नड्डाको निम्तोमा तीन दिने भ्रमण सकेर माओवादी केन्द्रका अध्यक्ष फर्किएपछि समाजवादी केन्द्रको चर्चा निकै उच्च स्वरमा सुनिदैछ ।

चुनाव लक्षित 'सके' बन्ने, नबन्ने थाहा हुन केही दिन पर्खनै पर्छ, । माओवादी फुँदो आफ्नो पार्टी र स्वयं आफ्नै लागि कतै एकपक्षीय बोध हुने र लक्षित सत्तारोहमा बाधक तगारो बन्ने भय दाहालमा जाग्रत हुनसक्छ । यही भय दोहनले 'माके'को ठाउँ 'सके' ले पाए अनौठो लाग्ने छैन ।


यहाँका मूल कम्युनिस्टलाई त्यो दिन आउने निश्चित छ- नामको कम्युनिस्ट शब्द पनि हटाउन मन लाग्नेछ । नेता मनमोहन अधिकारीले त यस्तो प्रस्ताव गरेकै हुन् तर उग्रता प्रेरितको कम्युनिस्ट गाली उनले खुब पाए । सिद्धान्तत: कम्युनिस्ट प्रेरित भए पनि नाममा त्यो शब्द रहनेछैन । अभ्यास नेमकिपा, राजमो वा प्रस्तावित नेसपा हुन् । अरू पनि सडकमा बसेका कम्युनिस्ट दल छन् तर नाममा त्यो शब्द राखेका छैनन् ।

'सके' को प्रयत्न गठबन्धनमा भारी बढाउने पनि हो । प्रमुख नेपाली कांग्रेसलाई दबाबमा राख्ने । अपाच्य वा बढी सिट दाबा गर्ने, नभए 'सके' ले एमाले अध्यक्ष केपी शर्मासँग पनि हात बढाउने । दाहाल नेतृत्वमा सम्भावित 'सके' दबाब, विश्वासघात, धोका र अवसर वादको अस्त्र हुनसक्छ ।

खासगरी कांग्रेसको लागि । उल्लिखित धेरै कारणसँगै माओवादी केन्द्रका अध्यक्ष दाहालले आफ्नो प्रवृत्ति पुन: लागु गर्ने मार्गचित्र प्रस्तावित 'सके' मा परिलक्षित हुनुपर्छ । संकटापन्न अरूको लागि यही ओडार ओत लाग्ने आश्रय होला ।

-साभार: बाह्रखरी

# उपचार गर्न आएका बिरामीलाई फिर्ता गर्न हुँदैन: स्वास्थ्यमन्त्री



काठमाडौँ, १२ साउन (रासस)/ स्वास्थ्य तथा जनसंख्यामन्त्री भवानीप्रसाद खापुङले सरकारी अस्पतालमा आएका बिरामीलाई उपचार नगरी फिर्ता गर्न नहुने बताएको छ ।

वीर अस्पतालको १३३ औँ वार्षिकोत्सवका अवसरमा यहाँ आयोजित कार्यक्रममा सम्बोधन गर्दै उनले सरकारी अस्पतालमा आएका बिरामीको उपचार गरेर मात्र फिर्ता गर्नुपर्ने बताए । "सरकारी अस्पतालमा आएका बिरामी उपचार नपाएर फिर्ता भयो भने उसको मन कस्तो होला ?", उनले भने, "वीर अस्पतालमा उपचार गर्न आएका बिरामी फिर्ता भएर जाने अर्को ठाउँ छैन, शय्या नभए पनि वैकल्पिक व्यवस्था गरेर उपचार गर्नुपर्दछ ।"

उनले सरकारी अस्पतालप्रति जनताको ठूलो भरोसा रहेकाले गुणस्तरीय उपचार गर्नुपर्ने भनाइ राखे । उनले अस्पतालले कोभिड-१९ मा खेलेको भूमिकाको सराहना गर्दै अझै गुणस्तरीय स्वास्थ्य सेवामा ध्यान दिनुपर्ने बताए ।

उनले अस्पतालले अहिलेसम्म स्वास्थ्य सेवा प्रवाहमा पुऱ्याएको योगदानको उच्च कदर गर्दै भविष्यमा पनि अझ सशक्त ढंगले स्वास्थ्योपचारलगायतका सेवा पुऱ्याउनुपर्ने बताए । वीर अस्पतालको सरसफाइमा पनि ध्यान दिन उनले आग्रह गरे ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका राज्यमन्त्री उमेश श्रेष्ठले स्वास्थ्य सेवालाई अझ गुणस्तरीय र सेवामूलक बनाउनुपर्नेमा जोड दिए । उनले स्थानीय तह र प्रदेश तहमा स्वास्थ्य सेवालाई राम्रो बनाएर जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा दिनुपर्ने भनाइ राखे ।

राष्ट्रिय योजना आयोगका सदस्य उमाशङ्कर प्रसादले स्वास्थ्य क्षेत्रको सूचकमा प्रगति देखिए पनि जनताले अझै स्वास्थ्य सेवाको पहुँच राम्रोसँग पाउन नसकेको बताए । उनले चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको चाँडै नै सभा बोलाएर प्रशासनिक र कानुनी अड्चन फुकाउने बताए ।

मन्त्रालयका सचिव देवकुमारी गुरागाईंले अस्पतालले कोभिड-१९ महामारीका बेला खेलेको भूमिकाको सराहना व्यक्त गर्दै अस्पतालले अझै स्वास्थ्य सेवा पुऱ्याउनुपर्नेमा जोड दिए ।

स्वास्थ्य सचिव डा. रोशन पोखरेलले अस्पतालले गुणस्तरीय र विशिष्टकृत सेवा उपलब्ध गराउनुपर्ने बताए । उनले अस्पतालले नागरिकको जीवनलाई स्वस्थ बनाउन अझै गुणस्तरीय र भरपर्दो चिकित्सकीय सेवा प्रदान गर्नुपर्ने बताए ।

प्रतिष्ठानका उपकुलपति प्राडा. देवनारायण शाहले अस्पतालको बजेट बढाउनुपर्नेमा जोड दिँदै अस्पतालको सामान्य परिस्थिति सिर्जना गरेमा अझ सेवा राम्रो बनाउन सकिने धारणा राखे । अस्पतालका निमित्त प्रमुख प्रशासकीय अधिकारी प्राडा भूपेन्द्रकुमार बस्नेतले एक वर्षमा चार लाख ३३ हजार १०८ बिरामीको उपचार गरेको जानकारी दिए । उनले देशभरिका बिरामीलाई गुणस्तरीय र सर्वसुलभ सेवा उपलब्ध गराएको बताए ।

उनले कोभिड-१९ को महामारीमा अस्पतालले बिरामीको उपचारमा खेलेको भूमिका उल्लेखनीय रहेको भन्दै बिरामीलाई गुणस्तरीय र सर्वसुलभ उपचार प्रदान गरेको बताए । विसं १८४३ साउन १२ गते १५ शय्याबाट स्थापना भएको अस्पताल अहिले ४६० शय्याबाट सेवा र ९६० शय्याबाट सेवा प्रवाह गर्ने क्षमता रहेको छ ।

नेपालमा पहिलोपटक मुटुको सफल शल्यक्रिया, मिर्गौला प्रत्यारोपण र सघन उपचार सेवा (आइसीयू)को वीर अस्पतालबाट सुरु भएको हो । सन् १९३३ मा नेपालकै पहिलो मेडिकल शिक्षा दिने सिभिल मेडिकल स्कुलको स्थापना भई ड्रेसर, कम्पाउण्डर र नर्सिङ शिक्षाको सुरुआत गरिएको हो ।

विसं २०५९ मा चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानमा स्तरोन्नति भई स्वास्थ्य सेवा अस्पतालले प्रदान गरिरहेको छ । अहिले छवटा भवनमा ४२ आकस्मिक कक्ष, ६८ आइसीयू, ५० हाइडिपिडेन्स युनिट (एचडीयु) र १० सिसीयूकक्षसहित विभिन्न ३२ बहिरङ्ग सेवा उपलब्ध गराउँदै आएको प्रतिष्ठानका रजिष्ट्रार प्रमिला देवानले जानकारी दिए ।

## गठबन्धनको विकल्प खोजिदैन: अध्यक्ष दाहाल

काठमाडौँ, १२ साउन (रासस)/ नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले वर्तमान सत्ता गठबन्धन आगामी निर्वाचनसम्म जाने बताएको छ । पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा बिहीबार बसेको स्थायी समितिको बैठकमा उनले गठबन्धनको विकल्प खोज्ने पक्षमा उभिन नहुने बताएको हो ।

उनले बरु गठबन्धनभित्रै सामाजवादी केन्द्र वा उपगठबन्धन बन्न सक्ने बताएको थियो । विगतमा गरिएका गल्ती तथा कमजोरी स्वीकार नगरेको तथा कुनै पनि आत्मआलोचना नगरेका कारण नेकपा (एमाले)सँग गठबन्धन हुने 'च्याप्टर क्लोज' भएको अध्यक्ष दाहालको भनाइ छ ।

उनले भने, "हामी अहिले गठबन्धनको विकल्प खोज्ने पक्षमा छैनौँ, यसैलाई बढी सुदृढ बनाएर निर्वाचनमा जानुपर्छ ।" बैठकमा मुलुकको पछिल्लो राजनीतिक अवस्था, पार्टीको सांगठनिक जीवन एवं अवस्थालगायतका विषयमा छलफल भएको थियो ।

बैठकमा अध्यक्ष दाहालले संविधानको रक्षा, शान्ति संविधानको संवर्द्धनका लागि स्थापना भएको गठबन्धनलाई बलियो बनाउने विषय नै यतिखेरको प्रमुख आवश्यक विषय भएको बताएको थियो ।

नेता गिरिराजमणि पोखरेलका अनुसार बैठक पुन: शुक्रबार बिहान बस्ने गरी स्थगन भएको छ ।

## राष्ट्रियसभामा सांसद्को समान धारणा: गैरनागरिकले नागरिकता नपाऊन्



काठमाडौँ, १२ साउन (रासस)/ नेपालको राष्ट्रिय हित र राष्ट्रियताको संवर्द्धन गर्ने हिसाबले नागरिकताविहीन नागरिकले मात्रै नागरिकता पाउने र गैरनागरिकले नागरिकता लिन नसक्ने प्रावधान राख्नुपर्नेमा सांसदहरूले जोड दिएका छन् ।

राष्ट्रियसभाको बिहीबारको बैठकमा प्रतिनिधिसभाबाट सन्देशसहित प्राप्त नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ माथिको छलफलमा भाग लिँदै सांसदहरूले अङ्गीकृत नागरिकताको सन्दर्भमा कडा प्रावधान राख्नुपर्ने बताए ।

छलफलमा भाग लिँदै सांसद बेदुराम भुसालले वैवाहिक अङ्गीकृत नागरिकताका सन्दर्भमा समयावधि तोक्नुपर्नेमा जोड दिए । भारतमा नेपालका छोरी-चेली विवाह गरेर जाँदा सात वर्षमा मात्रै नागरिकता पाउने प्रावधान रहेको भन्दै नेपालमा पनि सोही खालको व्यवस्था गर्नुपर्ने बताए । सांसद डा. विमला राई पौडेलले अनागरिक युवालाई नागरिकता पाउनुपर्छ भन्नेमा आफू सकारात्मक भए पनि यो विधेयकका केही प्रावधान भने सच्याउनुपर्नेमा जोड दिए ।

सांसद भैरवसुन्दर श्रेष्ठले विधेयक सम्बन्धित समितिमा पठाउनुपर्ने धारणा राख्दै वैवाहिक अङ्गीकृत नागरिकताको सन्दर्भमा समयावधि तोकिनैपर्ने धारणा राखे । सांसद खिमलाल भट्टराईले जन्मसिद्ध नागरिकका सन्तानलाई नागरिकलाई नागरिकता प्रदान गर्ने विषयमा आफूहरूको समर्थन रहेको बताए । उनले पनि वैवाहिक अङ्गीकृत नागरिकताको सन्दर्भमा समयसीमा राखिनैपर्ने उल्लेख गरे । सांसद सुरेशकुमार आले मगरले नागरिकताको विषय राष्ट्रियतासँग पनि जोडिएकाले त्यसलाई स्पष्ट पार्नुपर्ने बताए । सांसद उर्मिला अर्यालले नागरिकको सन्दर्भमा सरकार जिम्मेवार हुनुपर्ने, प्रक्रियागतरूपमा पनि स्पष्ट हुनुपर्ने धारणा राखे ।

सांसद जगप्रसाद शर्माले राष्ट्रियताको सन्दर्भमा कुनै पनि सम्झौता नगरीकन नागरिकको आवाजलाई सम्बोधन गर्न माग गरे । सांसद गङ्गा बेल्वासेले भौगोलिक, राजनीतिक र सांस्कृतिक हिसाबले संवेदनशील ठाउँमा रहेकाले नागरिकता दिने विषयमा खुकुलो प्रावधान राख्न नहुने बताए । सांसद जितेन्द्रनारायण देवले संविधानअनुरुप नै नागरिकता विधेयक प्रस्तुत भएको भन्दै सरकारलाई धन्यवाद दिए । सांसद मायाप्रसाद शर्माले अङ्गीकृत नागरिकताका सन्दर्भमा समयसीमा राख्नैपर्ने बताए ।

सांसद प्रमिला कुमारीले कुनै पनि नागरिकलाई नागरिकता प्राप्त गर्ने हकका आधारमा सरकारले यो विधेयक ल्याएको र लामो समयदेखि नागरिकताविहीनलाई सम्बोधन गर्न खोजिएको धारणा राखे ।

सांसदहरू भुवनबहादुर सुनार, गोपीबहादुर सार्की अछामी, खिमलाल देवकोटा, भगवती न्यौपाने तुलप्रसाद विश्वकर्मा, देवेन्द्र दाहाल, जयन्तीदेवी राई, तुलसाकुमारी दाहाल, उदयबहादुर बोहोरा, शेखर कुमार सिंह, लगायतले नागरिकताका विषयमा खेलाची नगर्न सरकारको ध्यानाकर्षण गराए ।

## टोलटोलमा पुगेर सामाजिक सुरक्षा भत्ता

मुग्लिन, १२ साउन (रासस)/ चितवनको एक मात्र इच्छाकामना गाउँपालिकाले टोल-टोलमै पुगेर सामाजिक सुरक्षा भत्ता वितरण सुरु गरेको छ ।

गाउँपालिकाले वृद्धवृद्धाको सहजताका लागि बैंकसँग समन्वय गरेर हरेक वडाको टोलटोलमै कर्मचारी र जनप्रतिनिधि पठाएर सामाजिक सुरक्षा भत्ता वितरण गरेको गाउँपालिका अध्यक्ष दानबहादुर गुरुङले बताए ।

सरकारले उक्त भत्ता अनिवार्य बैंकिङ प्रणालीमार्फत वितरण गर्नुपर्ने नियम लगाएपछि धेरैजसो बैंकमा भत्ता बुझ्ने बेला ज्येष्ठ नागरिक लामो समयसम्म लाइन बस्नुपर्ने हुँदा निकै कष्ट व्यहोर्नुपरेको थियो ।

विशेषगरेर भौगोलिक विकटताका कारण ज्येष्ठ नागरिकलाई घण्टौँ हिँडेर बैंकसम्म पुग्न कठिनाइ भएकामा टोलमै भत्ता वितरण गर्ने व्यवस्था मिलाइएपछि सहज भएको उनले जानकारी दिए ।

अध्यक्ष गुरुङले भने, "ज्येष्ठ नागरिकलाई घण्टौँसम्म लाइन बस्नुपर्दा निकै कष्ट व्यहोर्नुपर्ने हुन्छ, वर्षायाममा ग्रामीण भेगमा सडकसमेत सञ्चालन नहुने भएकाले घण्टौँ हिँडेर बैंकसम्म जानुपर्ने बाध्यतासमेत रहेको थियो ।"

गाउँमै भत्ता वितरण गरेपछि लाभग्राही पनि खुसी भएका छन् । वृद्धभत्ता बुझेपछि वडा नं ३ का रत्नबहादुर गुरुङले यसअघि बैंकमा पुगेर घण्टौँ लाइनमा बस्नुपरेको बताए । आफ्नै घर नजिक गाउँटोलमा आएर भत्ता वितरण गरेकामा उनले जनप्रतिनिधिलाई धन्यावाद दिए ।

उक्त गाउँपालिकामा ग्लोबल आइएमई बैंक, प्रभु बैंक, माछापुच्छ्रे बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था मिलाइएको छ ।

## घुस लिएको अभियोगमा इञ्जिनीयरविरुद्ध मुद्दा

काठमाडौँ, १२ साउन (रासस)/ अख्तियार दुरुपयोग अनुसनधान आयोगले मोटरबाटो निर्माण योजनाको नापी किताब र बिल तयार गरिदिएवापत सेवाग्राहीसँग घुस मागेको आरोप लागेका रोल्पाको गङ्गादेव गाउँपालिकका इञ्जिनीयर नवन डाँगी विरुद्ध आज विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीका अनुसार रोल्पाको प्राविधिक शाखा प्रमुखको रुपमा कार्यरत इञ्जिनीयर डाँगीले मोटरबाटो निर्माण उपभोक्ता समितिले निर्माण गरेको मोटरबाटोको नापी किताब तयार पारी अन्तिम भुक्तानीका लागि फाइल पेश गर्दा घुस मागेको पाइएको छ ।

आयोगका अनुसार सुरुमा ५० हजार बराबरको घुस माग गरेको भन्ने विषयमा अनुसन्धान गर्दा उनले थप तीन लाख ५६ हजार ५०० बराबरको घुस लिएको खुलेको छ । आयोगले बिगो बमोजिमको कारबाहीको माग गर्दै बिहीबार विशेष अदालतमा मुद्दा दायर गरेको हो ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

एक बर्षको वारेन्टीका साथै दुई बर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।

Printer Shop
The complete office solution

Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

## वीरगन्ज नाकाबाट हुने निर्यात ५० प्रतिशतले वृद्धि



पर्सा, १२ साउन (रासस)/ नेपालको मुख्य प्रवेशद्वार र देशकै प्रमुख व्यपारिक नाका वीरगञ्जलाई प्रयोग गरी भारत तथा तेस्रो मुलुकतर्फ हुने नेपाली वस्तुको निर्यातमा उलेख्य वृद्धि भएको छ ।


आर्थिक वर्ष २०७७/७८ को तुलनामा २०७८/८९ मा उक्त नाका प्रयोग गरी हुने नेपाली वस्तुको निर्यातमा ५० प्रतिशत वृद्धि भएको हो । अघिल्लो आर्थिक वर्षमा ५३ अर्ब ६८ करोड २८ लाखभन्दा बढी मूल्यको नेपाली वस्तु निर्यात भएकामा गत २६ अर्ब ८१ करोड पाँच लाखभन्दा बढी अर्थात् ८० अर्ब ४९ करोड ३३ लाखभन्दा बढीको सामान निर्यात भएको थियो । अघिल्लो आवको तुलनामा गत आवमा ४९ दशमलव ९४ प्रतिशत बढी हो ।

उक्त नाकाबाट भारत तथा तेस्रो मुलुकतर्फ निकासी हुने मुख्य वस्तुमा भटमासको प्रशोधित तेल, फलफूलको जुस, सूर्यमुखीको प्रशोधित तेल, जमोठ कपडालगायत बस्तु रहेको कार्यालयका सूचना अधिकारी सुमित गुप्ताले जानकारी दिए ।

उनले अघिल्लो आवको तुलनमा गत आवमा भटमासको प्रशोधित तेल निर्यातमा १३ प्रतिशतले कमी आएको तर सूर्यमुखीको प्रशोधित तेल ५६ प्रतिशत, फलफूलको जुस ४१ प्रतिशत, जमोठ कपडाको निर्यात ४५ प्रतिशतले वृद्धि भएको बताए ।

भारत तथा तेस्रो मुलुकतर्फ हुने नेपाली वस्तुको निर्यातमा सरकारले दिएको अनुदानको दायरालाई अझै फराकिएलो बनाए निर्यात प्रवर्द्धनमा मद्दत पुग्ने उद्योगपति व्यवासायीको भनाइ थियो ।

## बुढ्यौलीमा एसइई उत्तीर्ण



म्याग्दी, १२ साउन (रासस)/ म्याग्दीका पौढ महिलाहरूले बुढ्यौलीमा माध्यमिक शिक्षा परीक्षा (एसइई) उत्तीर्ण गरेर पढाइलाई उमेरले नछेक्ने भनाइलाई चरितार्थ गरेका छन् ।

विसं २०७८ को एसइई उत्तीर्ण गरेका बेनीको उज्यालो वैकल्पिक विद्यालयमा अध्ययन गरेका तीन जना प्रौढहरूले इच्छाशक्ति भएमा शिक्षा हासिल गर्न उमेर बाधक नहुने सन्देश दिएको हो ।

बैसी वर्षीया रेणुदवी मल्लले १.८६, ५१ वर्षीया योगमाया गौतमले १.५५ र ४३ वर्षीया दिलशोभा पुनले २.१० जिपिए ल्याएर यसपालिको एसइई उत्तीर्ण भएको विद्यालय सञ्चालक समितिका अध्यक्ष राजेश शाक्यले जानकारी दिए ।

जलजला गाउँपालिका-३ वारीबेनीका मल्लले कक्षा ५ पढ्दा आमाको निधन भएपछि विद्यालय छाडेको थियो । "आमाको निधन भएपछि भाइबहिनी साना भएकाले पढ्न पाएको थिइनँ", उनले भने, "सामाजिक संघसंस्थामा काम गर्दा पढाइको आवश्यकता महसुस गरेर उज्यालो विद्यालयमा पढेर एसइईमा सहभागी भएको थिए । सफल भएँ खुसी लागेको छ ।"

वारीबेनीको आमा समूह र विभिन्न उपभोक्ता समितिमा रहेर काम गर्नुभएकी मल्लले साथी भएमा माथिल्लो कक्षाको अध्ययनलाई निरन्तरता दिने बताए । उज्यालो वैकल्पिक विद्यालयबाट दोस्रो समूहमा पाँच जनाले फारम भरेकामा तीन जना सहभागी भएका थिए । विभिन्न कारणले बीचैमा पढाइ छाडेका औपचारिक शिक्षाबाट बञ्चित प्रौढहरूलाई १० कक्षासम्मको शिक्षाको अवसर दिलाउन विसं २०७३ देखि वैकल्पिक विद्यालय सञ्चालन भएको थियो । गत वर्ष सो विद्यालयबाट नौ जना प्रौढ महिलाले एसइई उत्तीर्ण भएका थिए ।

विद्यालयमा अध्ययनरत आमाहरूले अंक अक्षर चिन्न, लेख्न पढ्न नसक्दा मोबाइल चलाउन, कतै जाँदा ठाउँ चिन्न र भेला बैठकमा सहभागी हुँदा हस्ताक्षर गर्न ल्याप्चे लगाउनुपर्ने समस्याबाट मुक्ति मिलेको बताएका छन् ।

हाल ४० जना अध्ययनरत विद्यालयमा सात जना सहजकर्ता छन् । मासिक ७५ हजार खर्च हुने विद्यालय सञ्चालनका लागि बेनी नगरपालिकाले सघाएको छ । नगरपालिकाको सहयोगका अतिरिक्त दाताले पनि सहयोग गर्दै आएका छन् । गत वैशाख ९ देखि २० गतेसम्म सञ्चालन भएको एसइईमा जिल्लाबाट दुई हजार २४५ सहभागी भएका थिए । बेनी-९ गलेश्वरको जडभरत शालग्राम गण्डकी संस्कृत माविबाट नौ जनाले जिल्लामै पहिलोपटक संस्कृति विषयबाट एसइईमा सहभागिता जनाएका थिए । उनीहरूले २.२५ देखि ३.० जिपिए ल्याएका छन् ।

सार्वजनिक नतिजा अनुसार बेनीको लिटिल गार्डेन एकेडेमीका बब्लु शाह र उत्सव सापकोटाले ३.९५ जिपिए ल्याएका प्रिन्सिपल दीपक सुवेदीले बताए । बेनीको प्रकाश माविका प्रेम श्रेष्ठले ३.९०, प्रविन सुवेदी र प्रकृति सुवेदीले ३.८५ जिपिए ल्याएर सामुदायिक विद्यालयतर्फ जिल्ला प्रथम र द्वितीय भएका निमित्त प्रधानाध्यापक लेखबहादुर हमालले दाबी गरेको छ ।

## एक हजार छ सय १० ग्राम सुनसहित पक्राउ



काठमाडौँ, १२ साउन (रासस)/ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट प्रहरीले एक हजार छ सय १० ग्राम सुनसहित एक भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

फ्लाई दुबईको उडानद्वारा काठमाडौँ आएका भारतीय नागरिक युसुफ हारोनको गतिविधि शङ्कास्पद देखिएपछि नियन्त्रणमा लिइ जाँच गर्दा सो सुन बरामद गरिएको हो ।

उनले लगाएको भित्री बस्त्रमा प्लाष्टिकभित्र सुनको पोका दुई थान (तौल १६१० ग्राम अवैधरुपमा भन्सार छली गरी लैजान लागेका अवस्थामा फेला पारिएको विमानस्थल सुरक्षा कार्यालयले बिहीबार एक सूचना जारी गरी जनाएको छ ।

आवश्यक अनुसन्धान एवं कारवाहीका लागि उनलाई त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचरमा बुझाइएको प्रहरी वरिष्ठ उपरीक्षक दीपेन्द्र घर्तीले जानकारी दिए ।

## वैदेशिक रोजगारीमा गएका श्रमिकलाई शेयर बजारको मालिक बनाइँदै




काठमाडौँ, १२ साउन (रासस)/ नेपाल धितोपत्र बोर्डले वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकलाई पनि धितोपत्रको कारोबारमा जोड्ने भएको छ । विशेषगरी विप्रेषणलाई वैधानिक तबरले भित्र्याउने तथा त्यसबाट थप पूँजीको विस्तार गर्ने लक्ष्यका साथ बोर्डले प्राथमिक शेयर निष्काशनमा १० प्रतिशत बराबरको शेयर आरक्षण गर्ने नीति तय गरेको छ । त्यसका लागि धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा संशोधन गर्ने भएको छ ।

बोर्डको चालु आवको नीति तथा कार्यक्रम सार्वजनिक गर्दै अध्यक्ष रमेश हमालले विप्रेषण पठाउने श्रमिकको हितका लागि यस्तो नीतिको प्रबन्ध गरिएको जानकारी दिए । धितोपत्रको दोस्रो बजारमा गैरआवासीय नेपालीको लगानी खुल्ला गर्न धितोपत्रसम्बन्धी कानुनमा आवश्यक संशोधन तथा परिमार्जन गरिने भएको छ । बोर्डलाई थप जवाफदेहितासहितको अधिकार सम्पन्न नियमन निकाय बनाउनका लागि धितोपत्र तथा वस्तु विनिमय बोर्डसम्बन्धी विधेयक तथा धितोपत्र व्यवसायीको नियमन तथा सुपरिवेक्षण कार्यलाई प्रभावकारी बनाउन धितोपत्र विनियमसम्बन्धी विधेयकको मस्यौदा कार्य अगाडि बढाइने अध्यक्ष हमालले जानकारी दिए । साथै धितोपत्र व्यवसायीको लागि संस्थागत सुधारसम्बन्धी निर्देशिका तर्जुमा गरी लागू गरिने भएको छ । बजारमा हुने सूचना तथा विवरण प्रवाहको सहज एवं सदृढ व्यवस्था गर्न विवरण प्रवाह तथा प्राप्ति प्रणाली विकास गरिएकामा त्यसलाई थप प्रभावकारी बनाउने बोर्डको योजना छ । धितोपत्र बजारमा राफसाफमा आउन सक्ने समस्या समाधानका लागि आवश्यक अक्सन मार्केटको विकास तथा सञ्चालनसम्बन्धी अध्ययन गर्ने बोर्डको योजना छ । बोर्ड कर्मचारीको सेवा सर्त नियमावलीलाई समयानुकूल बनाउनुका साथै बोर्ड पदाधिकारीलाई आचारसंहिताले बाँध्नका लागि थप पुनरावलोकन एवं समसामयिक बनाउने लक्ष्य राखिएको छ । बोर्डले समग्र रुपमा वर्षभरि कार्यक्रमको ढाँचा तथा रुपरेखा सार्वजनिक गरेको छ ।

यसबाट नेपालको समग्र शेयर बजारको विकास र विस्तार मा सहयोग पुग्ने विश्वास लिइएको छ । शेयर बजारमा साना लगानीकर्ताको हितको सम्वर्द्धन गर्ने र ठूला लगानीकर्ताको अनावश्यक चलखेल नियन्त्रणका लागि समेत प्रभावकारी नीति तथा कार्यक्रमको प्रबन्ध गरिएको अध्यक्ष हमालले जानकारी दिनुभयो । बजारको विस्तारका लागि आवश्यक सबै उपायको अवलम्बन गर्ने लक्ष्य बोर्डले लिएको छ ।

## महिला प्रतिनिधित्व बढाउन निर्वाचन प्रणालीमा सुधार गर्नुपर्नेमा जोड

काठमाडौँ, १२ साउन (रासस)/ आगामी निर्वाचनमा महिला प्रतिनिधित्व बढाउन निर्वाचन प्रणालीमा सुधार गर्नुपर्नेमा जोड दिइएको छ । बिहीबार आयोजित 'निर्वाचन प्रणाली र महिला प्रतिनिधित्व' विषयक संघीय संसद्का महिला सांसदसँगको अन्तर्क्रियामा सहभागी वक्ताले संसद्मा महिला प्रतिनिधित्व बढाउन संविधानमा आवश्यक संशोधन तथा अध्यादेश ल्याउनुपर्ने सुझाए ।

सभामुख अग्निप्रसाद सापकोटाले संविधानमा व्यवस्था गरिएको ३३ प्रतिशत महिला अधिकार उनीहरुको दबाबका कारण भएको बताउँदै महिला वर्गको नेतृत्व विकासमा राजनीतिक दलले भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए । मुलुकमा भएको परिवर्तनपछि जनताको जीवनस्तरमा सुधार नभएको बताउँदै उनले जनप्रतिनिधि जनताप्रति उत्तरदायी हुनुपर्ने धारणा राखे । उनले जनताका प्रत्येक प्रश्नको उतर दिनुपर्ने विचार व्यक्त गर । उपसभामुख पुष्पा भुसालले दलले महिलालाई बाध्यात्मक अवस्थामा मात्र सीमित नगरेर निर्वाचनमा टिकट दिनुपर्नेमा जोड दिए । महिला वर्गको प्रतिनिधित्व वृद्धि गर्न संवैधानिक व्यवस्थामा केही सुधार तथा परिमार्जन गर्न सकिन्छ कि भनेर सुझाव लिन कार्यक्रम आयोजना गरिएको उनले बताए ।

पूर्वसभामुख ओनसरी घर्तीमगरले प्रत्यक्ष र समानुपातिक दुवै निर्वाचन प्रणालीमा महिला सहभागिता बढाउनसकेमा उनीहरुलाई दिइएको आरक्षणको व्यवस्था हटाउन सकिने विचार व्यक्त गरे ।

महिला सहभागिता वृद्धि गर्न विभिन्न मुलुकका अभ्यासबारे राधिका रेग्मीले प्रस्तुतीकरण गरेको उक्त कार्यक्रममा नेता चित्रलेखा यादव, वृन्दा पाण्डे, डिला सङ्ग्रौला, प्रेम सुवाल, प्रमोद यादवलगायतले उनीहरुको प्रतिनिधित्व वृद्धि गर्न समयसापेक्ष संविधानमा सुधारको माग गरे ।

# आफ्नो जग्गा नभएपनि 'कृषि क्रान्ति'को उदाहरण पस्किएका पुडासैनी

साझाकुरा संवाददाता

हेटौंडा, १२ साउन (रासस)/ केही बढी कमाइका लागि 'सुन' फल्ने गाउँ र आफ्नो मातृभूमिसमेत छाडेर हिँडनेलाई परिवारसँगै गाउँमै बसेर काम गरे प्रशस्त पैसा र आत्मसन्तुष्टि कमाउन सकिन्छ भन्ने उदाहरण बनेका छन्, मकवानपुरका एक युवा ।

'वन मेन आर्मी' चलचित्रमा एकै पात्रले धेरै समस्याको समाधान निकाल्ने तथा थुप्रै खलपात्रलाई परास्त गर्नसक्ने नायक जस्तै यथार्थताको धर्तीको माटोमा खेल्ने र माटोमै रमाउने कृषि नायक हुन मकवानपुरको भीमफेदी गाउँपालिका-५ छबेलीका ३६ वर्षीय दिपक पुडासैनी ।

कृषि उद्यमी, कुखुरापालक, बङ्गुरपालक, हरितगृह मिस्त्री, कम्प्युटर प्रशिक्षक, कम्प्युटर मेकानिक, पावर टिलर चालक, पावर टिलर मेकानिक, कृषि प्रशिक्षकजस्ता धेरै काममा दक्ष मात्र होइन, ती सबै कामलाई पेसाका रुपमा उनले अंगालेका छन् । पुडासैनीको मासु पसल पनि छ । त्यहाँ उनी आफैले उत्पादन गरेको कुखुराको मासु बेचिन्छ ।

पुडासैनीसँग प्रशस्त जग्गा, जमिन छैन तर पनि 'खाने मुखलाई जुँगाले छेक्दैन' भनेझै उनको कृषिमा क्रान्ति गर्ने रहरलाई जग्गा अभावले रोकेन । आफ्नो तीन रोपनी र थप १५ रोपनी जमिन भाडामा लिएर पुडासैनीले मौसमअनुसारका तरकारी उत्पादन गरी वार्षिक २५ लाखसम्मको कारोबार गर्छन् । आम्दानीमध्ये खर्च कटाएर मासिक ६० देखि ७० हजारसम्मको बचत हुने बताउँदै उनले मौसम, बजार र अन्य केही कुराले साथ दिए त्यो आम्दानी बढ्न सक्ने सुनाए । 'समय र मौसमको ख्याल गर्न चुक्यो भने घाटा पनि बेहोर्नुपर्ने रहेछ । बजारमा कुन महिना के तरकारी निकाल्दा भाउ पाउन सकिन्छ भन्ने अनुमान भएन भने उत्पादनले मूल्य नपाउन सक्छ', उनी भन्छन् ।

पुडासैनीका सफा टनेलभित्रका सप्रिएका बिरुवा अनि लटरम्म फलेका तरकारी र पाकेका गोलभैँडाले समृद्ध नेपालको मूल आधार कृषि नै हो भनेझैँ गरी लोभ्याएका छन् । अनि, त्यहाँ खनजोत र गोडमेल गरिरहेका उनलाई देखेपछि लाग्छ कृषिजति सम्मानित अरु पेसा नै छैन । पुडासैनीकी श्रीमती दीपिका पनि टनेल खेतीबाट सन्तुष्ट छन् । ६-७ वर्षदेखि नै आफूहरुले तरकारी खेती गर्दै आइरहेको भएपनि टनेलमा रोग कम लाग्ने पानी, हावाहुरी तथा सामान्य असिनाबाट समेत जोगाउन सकिने र तापक्रम व्यवस्थापन गर्न सहज हुने उनको भनाइ छ ।

गोडमेल गर्न, मलखाद हाल्न, चिस्यानको व्यवस्थापन गर्न, उत्पादन टिप्नलगायत धेरै काम गर्न सजिलो हुनाका साथै बीउबिजन मललगायतको आँकलन गर्नपनि सजिलो भएको अनुभव दीपिकासँग छ ।

पत्रकारितामा स्नातक गरेका तथा कम्प्युटरको प्रशिक्षक प्रशिक्षण गरी कम्प्युटर शिक्षालय सञ्चालन गरिसकेका पुडासैनीले जीवनमा नगरेका काम थोरै मात्रै बाँकी होलान् । तर उनलाई आत्मसन्तुष्टिसँगै मनग्य आम्दानी दिने पेसा भने कृषि बन्न पुग्यो । थोरै कुखुरा पालेर सुरु भएको पुडासैनीको कृषिकर्म हाल देशमा 'केही छैन, केही गर्न सकिन्न र केही पनि हुन्न भन्ने जमातका लागि यो देशमा सबैथोक छ तर, जाँगर र लगन आवश्यक छ भन्ने' गतिलो उदाहरण बन्न पुगेको छ ।

पुडासैनीले विभिन्न प्रकारका तरकारी तितेकरेला, काउली, बन्दा, गाँठेकोभी, गोलभैँडा, भेडे खुर्सानी, गाँजर, माछे खुर्सानी, काक्रोसँगै दैनिक सयौं किलोग्राम च्याउ उत्पादन गर्छन । ब्रोइलर कुखुराको संख्या घटाएको कारण आफैँले खोलेको मासु पसलमा काटेर र एक-दुईवटा कुखुरा चाहिने स्थानीय ग्राहकलाई मात्र बेच्छन् ।

यसो गर्दा मूल्य पनि बढी नै आउँछ । पुडासैनी कुनैपनि काम सानो हुन्न भन्ने मान्यता राख्छन् । उनी हाते ट्याक्टर (पावर टिलर) लिएर स्थानीयवासीका खेतबारी प्रतिघण्टा ज्याला लिने गरी जोतिदिने पनि गर्छन । कसैको हाते ट्याक्टर बिग्रिए बनाउने काम पनि उनैले गर्ने गरेका छन् । निश्चित रकम लिएर हरितगृह (टनेल) बनाइदिने तथा प्रशिक्षण दिने कामसमेत उनले गर्दै आएका हुन् । उनी कम्प्युटर प्रशिक्षक तथा मेकानिक्स पनि हो । समय मिलेसम्म पुडासैनी स्थानीयवासीका कम्प्युटर मर्मत गर्नपनि पुग्छन् । भीमफेदीमा पहिलो कम्प्युटर प्रशिक्षण केन्द्र तथा साइबर उनकै थियो । जुन हाल पनि अलिअलि चल्दै छ ।

कृषि उत्पादनमा लागेर राम्रै आम्दानी गरिरहेका भएपनि केही थप व्यवस्था राज्यका तर्फबाट भइदिने हो भने अझै आम्दानी बढाउन सकिने पुडासैनी बताउँछन् । बजार अहिले पनि बिचौलियाको कब्जामा रहेको, आफ्नो उत्पादनको मूल्य व्यपारीले नै तोक्ने गरेको, सुरक्षित भण्डारणका लागि शीतभण्डार अभाव रहेको उनले भोगेको समस्या हुन् ।

मल, बीउ तथा अन्य कृषि सामग्रीको मूल्यको नियमन तथा नियन्त्रण गर्नुपर्ने, मल, बीउ आदि सहज रुपले उपलब्ध गराउनुपर्नेलगायत माग पुडासैनीले भेटे जति निकायमा राख्ने गर्दै आएका रहेछन् । तर सबैतिरबाट आश्वासन आए पनि कार्यान्वय भने सन्तोषजनक नभएको उनको गुनासो छ । अर्को महत्वपूर्ण कुराचाहिँ नेपालमा बालीनालीमा लाग्ने रोग तथा किराफट्याङ्ग्रा नियन्त्रणमा गहिरो अनुसन्धान हुन नसकेकामा आफूलाई दु:ख लाग्ने गरेको पुडासैनी बताउँछन् । नेपालका रैथाने च्याउ अनुसन्धान गरेर त्यसको बीउ उत्पादन गर्ने र व्यावसायिक खेती गर्ने हो भने मनग्य आम्दानी गर्न सकिनेमा त्यसो हुन नसकेको पनि उनको भनाई छ । 'उहाँ मिहेनतको पर्याय हो, कामप्रति मरिहत्ते गर्ने बानीले पुडासैनीलाई सफल बनाउँदै छ', भीमफेदी गाउँपालिकाका पूर्वउपाध्यक्ष पार्वती राना भन्छिन् ।

पुडासैनीको मिहेनतको कदर गर्दै आफ्नो कार्यकालमा गाउँपालिकाले कृषि प्रवर्द्धनमा सहयोग गरेको रानाले उल्लेख गरिन् । कृषि व्यवसाय गरेर प्रशस्त आम्दानी गर्न सकिन्छ भन्ने उदाहरण बनेका पुडासैनीको कामप्रति उनका साथीभाईपनि खुसी छन् ।

पुडासैनीसँग टनेलमा भेटिएका स्थानीय बिसु सुनार आफू पुडासैनीको काम देखेर प्रभावित भएको बताउँछन् । 'उहाँले कृषिबाट मनग्य आम्दानी गरिरहनु भएको छ । राम्ररी लाग्ने हो भने कृषिमा प्रचुर सम्भावना रहेछ भन्ने उदाहरण देखाउनुभएको छ,' सुनारले सुनाए ।


**HETAUDA CITY HOSPITAL PVT.LTD.**
*Hetauda-1, Sub-metropolitan*
***Phone: 057-520315***

**VACANCY ANNOUNCEMENT**

Our Organization is seeking Applications from Qualified, Energetic and Experienced Candidates for the Following Designations.

| S.No. | Designation | No. | Salary (Rs) | Min. Qualifications |
|---|---|---|---|---|
| 1 | Staff Nurse | Few | Negotiable | PCL/NHPC registered |
| 2 | CMA/ANM | Few | Negotiable | TSLC |
| 3 | Receptionist | Few | Negotiable | +2 completed |

Experience, Performance, Dedication and Professionalism will be taken into consideration Interested individuals are to submit their update curriculum vitae with in 10 days of the first publication of this notice.


## जापान जाने कराते टोलीको बिदाइ

काठमाडौं, १२ साउन (रासस)/ पन्ध्रौं विश्व सोतोकान कराते च्याम्पियनसिपमा सहभागी हुन जापान जाने दुई खेलाडीसहित चार सदस्यीय नेपाली टोलीलाई आज बिदाइ गरियो ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव टंकलाल घिसिङले नेपाली टोलीलाई सफलताको शुभकामना दिँदै बिहीबार आयोजित एक कार्यक्रममा बिदाइ गरे । यही साउन १६ देखि २२ गतेसम्म हुने उक्त प्रतियोगिताको पुरुष ७० केजीमुनि फणिन्द्रप्रसाद जंगम र महिला ५५ केजीमुनि अङ्गिना थापाले नेपालको चुनौती प्रस्तुत गर्ने छन् । टोली प्रमुखमा नेपाल सोतोकान कराते संघका प्रमुख प्रशिक्षक एवं अध्यक्ष हेमकुमार श्रेष्ठ तथा व्यवस्थापकमा लीलाराज डाँगी रहेका छन् ।

## जग्गाको भाडा नबढाउन माग गर्दै ज्ञापनपत्र



साझाकुरा संवाददाता

हेटौंडा, १२ साउन/ औद्योगिक क्षेत्रको भाडादर नबढाउन माग गर्दै उद्योग संघ मकवानपुरले उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दिलेन्द्रप्रसाद बडुलाई ज्ञापनपत्र बुझाएको छ ।

हेटौंडाको उद्योगहरुको अवस्थाको अवलोकन गर्न आएका मन्त्री बडुलाई संघले जग्गाको भाडादर नबढाउन आग्रह गर्दै ज्ञापनपत्र बुझाएको हो ।

संघका अध्यक्ष स्वागतराज प्याकुरेलले बुझाएको ज्ञापनपत्रमा २०७२ सालको भूकम्प, नाकाबन्दी, कोभिड-१९ को मार, रसिया-युक्रेन युद्धलगायतका कारणले उत्पन्न विषम् परिस्थितिमा उद्योगीले कुनै पनि हालतमा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले बढाएको भाडा भुक्तानी गर्न नसक्ने उल्लेख गर्दै उद्योग संघ मकवानपुरले जमिन बहालसम्बन्धी समस्याको दीर्घकालिन समाधानको उपाय अबलम्बन गर्न पनि मन्त्रीको ध्यानाकर्षण गराएको छ ।

हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड कार्यालयले जग्गा भाडा बढाउने निर्णय गरेसँगै उद्योगी व्यवसायीहरुले त्यसको विरोध गरेका छन् । कार्यालयले २०७५ को निर्णय अनुसारको बढेको जग्गा भाडा भुक्तानीका लागि उद्योगीहरुलाई पत्रसमेत काटिसकेको छ ।

लिमिटेडले हेटौंडा औद्योगिक क्षेत्रको हाल कायम भाडा दरमा १३३ प्रतिशत वृद्धि गरेर सोही अनुसारको भाडा भुक्तानीका लागि पठाएको हो । लिमिटेडको २०७५ मंसिर ५ गतेको निर्णय अनुसारको भाडा तिर्नुपर्ने भन्दै ४ वर्ष पछि उद्योग प्रतिष्ठानहरुलाई पत्र काटेको जनाइएको छ ।

लिमिटेडले हेटौंडा औद्योगिक क्षेत्रको प्रति रोपनी १९ हजार ६९१ रुपैयाँको दरले भाडा भुक्तानी गर्न औद्योगिक क्षेत्रका १४९ वटा उद्योगहरुलाई पत्रसहित बिल पठाएको छ ।

ती उद्योगहरुलाई कुल १४ करोड भन्दा बढी रकमको बिल पठाइएको जनाइएको छ । बिल अनुसार हेटौंडा औद्योगिक क्षेत्रमा १७ रोपनी जग्गा भाडामा लिएर संचालन गर्दै आएको एउटा उद्योगले यसै महिनामा ९ लाख ५ हजार रुपैयाँ भाडा भुक्तानी गर्नुपर्ने भएको छ ।

## अवरोध हटाएपछि त्रिभुवन राजपथ पुन: सञ्चालनमा



साझाकुरा संवाददाता

हेटौंडा, १२ साउन/ हेटौंडा-काठमाडौं आवतजावतका लागि छोटोमार्गमा पर्दै आएको त्रिभुवन राजपथअन्तर्गत् भैंसे-हेटौंडा सडकखण्डको अवरोध हटाएपछि सवारीसाधन गुड्न थालेका छन् ।

भीमफेदी गाउँपालिका-१ भैंसे-हेटौंडा सडक खण्डको बाघझोरामा गएराति गएको पहिरोले यातायात सेवा अवरुद्ध बनेको थियो । बाघझोराको अवरोध हटाइएपछि छोटोमार्ग भएर चल्ने सवारीसाधन नियमित गुड्न थालेका हुन् ।

गएरातिदेखि अवरुद्ध सडक खुलाएपछि भिमफेदी-कुलेखानी-फर्पिङको छोटोमार्ग र पालुङ-नौबिसे सडक खण्ड पुन: सञ्चालनमा आएको हो । यी दुई सडक खण्डबाट दैनिक हजारौं यात्रु संघीय राजधानी काठमाडौं र प्रदेश राजधानी हेटौंडा आवतजावत गर्ने गरेका छन् । हेटौंडा-काठमाडौं जोड्ने त्रिभुवन राजपथ भएर बिहीवार बिहानदेखि यातायात सञ्चालनमा आएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । डोजरले पहिरो हटाई सवारीसाधन गन्तव्यमा पठाइएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक टेकबहादुर कार्कीले बताए । हेटौंडाबाट गएका र भैंसेतर्फबाट आएका सयौं सवारी साधन आ-आफ्नो गतव्यतर्फ लागेको प्रहरीले जनाएको छ । उक्त सडकखण्डमा झण्डै सात घण्टा यातायात अवरुद्ध भएको थियो ।

बर्खाको समयमा त्रिभुवन राजपथलाई भरपर्दो यात्राका रुपमा लिइने गरिन्छ । बर्खाका कारण आउने बाढी र पहिरोबाट काठमाडौं जोड्ने सबै राजमार्गहरु बन्द हुँदापनि त्रिभुवन राजपथ सञ्चालनमा आउने गरेको छ ।

# इप्रका मनहरीको वार्षिक कार्यप्रगति सार्वजनिक




साझाकुरा संवाददाता

हेटौंडा, १२ साउन/ इलाका प्रहरी कार्यालय मनहरीले गत आर्थिक वर्ष २०७८/०७९ को वार्षिक कार्यप्रगति विवरण सार्वजनिक गरेको छ ।

सरुवा भएर जान लागेका इप्रका मनहरीका प्रमुख प्रहरी निरीक्षक प्रकाश थापाले बिहीवार कार्यप्रगति विवरण सार्वजनिक गरेका हुन् । थापाले विगतका वर्षमा भन्दा गत आर्थिक वर्षमा लागूऔषध सम्बन्धि धेरै मुद्दामा कारबाही प्रक्रिया अगाडि बढाइएको जानकारी दिएका छन् ।

मनहरी प्रतिबन्धित लागूऔषध गाँजा र अफिम ओसार पसार हुने मुख्य नाकाका रुपमा लिइन्छ । इप्रका मनहरीले आव २०७६/०७७ मा १८ वटा लागूऔषध मुद्दा दर्ता गराएको थियो । ०७७/७८ मा १९ वटा मुद्दा दर्ता भएको थियो । गत आव ०७८/०७९ मा २९ वटा मुद्दा दर्ता गरी कारबाही गरिएको प्रहरी निरीक्षक थापाले जानकारी दिए ।

उक्त अवधिमा इप्रका मनहरीले अवैध लागूऔषध गाँजा ओसारपसारमा संलग्न ४० जना सहित ८ सय ५० किलो गाँजा र ५ ठुला सवारीसाधन नियन्त्रणमा लिई कारबाही गरेको थापाले बताए । यसैगरी, इप्रका मनहरीले पछिल्लो एक वर्षमा १ सय ६ वटा विभिन्न कसुरमा मुद्दा दर्ता गरेको छ ।

जसमध्ये ज्यान सम्बन्धि कसुरमा ३ वटा, चोरीमा ३ वटा, सवारी ज्यान १० वटा, विवाह सम्बन्धि कसुर १ वटा, सार्वजनिक हित कसुर १४ वटा, करणी सम्बन्धि कसुर ८ वटा, झुण्डिएर मृत्यु १३ वटा, भवितव्य मृत्यु १३ वटा, विष सेवन ४ वटा, फुटकर ज्यान ३ वटा, बोक्सी आरोप सम्बन्धि कसुरमा १ वटा, जुवा १ वटा मुद्दा दर्ता गरिएको जनाइएको छ ।

पछिल्लो एकवर्षमा २० किलो ५ सय ग्राम चरेस र डाइजेपाम, एक हजार एम्पुल नुर्फिन र फेनरागन लागूऔषध बरामद गरिएको प्रहरी निरीक्षक थापाले बताए । गत आर्थिक वर्षमा १ सय ४८ अपराधविरुद्ध मुद्दा दर्ता गरिएकोमा ८६ जना पक्राउ भएको थापाले बताए । अवैध नदिजन्य उत्खनन् कार्यमा संलग्न १ सय ७० वटा ट्याक्टर नियन्त्रणमा लिई कारबाही गरिएको थापाले बताए ।

## 'न्यौपानेको अनुभव निजामती सेवाका लागि प्रेरणा'

काठमाडौं, १२ साउन (रासस)/ संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव महेश्वर न्यौपाने उमेर हदका कारण बिहीबारदेखि सेवाबाट अनिवार्य अवकाश भएको छ ।

खरिदारदेखि सचिवसम्म २६ वर्ष दुई महिना निजामती सेवामा बिताएका सचिव न्यौपाने बुधबारदेखि सेवाबाट अवकाश भएको हो । मन्त्रालयमा बिहीबार आयोजित बिदाइ कार्यक्रममा पर्यटनमन्त्री जीवनराम श्रेष्ठले मन्त्रालयको जिम्मेवारीमा छोटो अवधिमा काम गर्दा हार्दिकतापूर्ण रहेको उल्लेख गर्दै न्यौपानेको अनुभव र अनुभूतिहरु निजामती सेवाका लागि प्रेरणाको स्रोत हुने विश्वास व्यक्त गरे । उनले सचिव न्यौपानेको योग्यता क्षमतालाई देश विकासका लागि फेरि पनि उपयोग गरिने बताए ।

सचिव न्यौपानेले निजामती सेवाबाट आफ्नो अवकाश जीवनको अर्को 'टर्निङ प्वाइन्ट' भएको भन्दै अवकाशपछिको जीवनलाई थप सक्रिय बनाउने बताए । सचिव न्यौपानेले विभिन्न मन्त्रालय, महत्वपूर्ण निकायमा नेतृत्व गर । पर्यटन मन्त्रालयमा करिब आठ महिना सचिवको रुपमा काम गरे । न्यौपाने सचिव पदको पाँचवर्षे सेवा अवधिबाट अवकाश लिएको हो । उनको अवकाशपछि मन्त्रालयका सहसचिव वुद्धिसागर लामिछानेलाई निमित्त सचिवको जिम्मेवारी दिइएको छ ।

## खानेपानी तथा सरसफाइ विधेयक पारित

काठमाडौं, १२ साउन (रासस)/ राष्ट्रियसभाको बैठकमा खानेपानी तथा सरसफाइ विधेयक २०७९ सर्वसम्मतिले पारित भएको छ ।

प्रतिनिधिसभाबाट सन्देशसहित विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहितको उक्त विधेयक खानेपानीमन्त्री उमाकान्त चौधरीले पारित गरियोस् भनी बैठकमा प्रस्तुत गरिएको थियो ।

## कैलाशमा वडा कार्यालयबाटै सामाजिक सुरक्षा भत्ता वितरण



साझाकुरा संवाददाता

हेटौंडा, १२ साउन/ कैलाश गाउँपालिकाले वडा कार्यालयबाटै सामाजिक सुरक्षा भत्ता वितरण सुरू गरेको छ ।

गाउँपालिकाले बिहिबार देखी तेस्रो र चौंथो त्रैमासिकको सामाजिक सुरक्षा भत्ता वडाबाटै वितरण गर्न सुरू गरेको हो ।


बिहिबार वडा नम्बर ९ को कार्यालय नामटार र वडा नम्बर १० को कार्यालय भाल्टार बाट सामुहिक रुपमा भत्ता वितरण गरिएको गाउँपालिकाको अध्यक्ष लोक बहादुर मुक्तानले जानकारी दिए ।

पालिकाको ९ वटै वडा कार्यालयबाट साउन २६ गतेसम्ममा १ हजार ८ सय ८ जनालाई १ करोड ८८ लाख ८७ हजार ३ सय ५० रूपैंया वितरण गरिने मुक्तानले बताए । पालिकाका ज्येष्ठ नागरिक १ हजार २ सय ६ जना, ज्येष्ठ नागरिक ९दलित० ३२ जना, ज्येष्ठ नागरिक एकल महिला १ सय ८२ जना, विधवा २ सय ३५ जना, पूर्ण अपाङ्गता ४६ जना, अति अशक्त अपाङ्गता ५७ जना र दलित बालबालिका ५० जना सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमबाट लाभान्वित हुने अध्यक्ष मुक्तानले बताए । भत्ता वितरण कार्यक्रमबाट लिन छुटेका लाभग्राहीले साउन २९ गतेदेखि सानिमा बैंकको कैलाश शाखा कालिकाटारबाट भत्ता लिन सकिने पालिकाले जनाएको छ ।


**सूचना**


मकवानपुरगढी गाउँकार्यपालिकाद्वारा १२ साउन बिहीबार यस पत्रिकामा प्रकाशित कर्मचारी आवश्यकता सम्बन्धी सूचनामा गाउँपालिकाको राजश्व खाता नं. छुट्न गएकाले यसै सूचनालाई आधार मानि कार्य गर्नु हुन अनुरोध छ ।

दरखास्त फारम दस्तुर यस गाउँपालिकाको खाता रहेको नविल वैंक लि., मक्रान्चुली शाखामा रहेको राजश्व खाता नं. २२१०१०१७५०००५५ मा जम्मा गरेको सक्कलै बैक भौचर दरखास्त फारम साथ पेश गर्नुपर्नेछ ।



साझाकुरा
राष्ट्रिय दैनिक
खोजिखोजि पढौं ।


कोरोना भाइरसबाट बचौं र बचाऔं ।





साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना